उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४८६९१९२७

पत्र संख्याः ०८०/०८१
चलानी नंः ६८९

मितिः२०८०/०९/१९

## आलु खेति गरिरहेका कृषकहरुमा अत्यन्त जरुरी सूचना

यस उमाकुण्ड गाउँपालिकमा रहेका कृषकहरुको मुख्य पेसा कृषि हो। यहाँका अधिकाशं कृषकले आलु खेति गरिरहेका छन र गत वर्ष यस क्षेत्रमा पनि आलु बालीमा नयाँ प्रजातिको रोग **अल्टरनेरीया स्पेसिस नामक ढुसि** लागेको हुँदा यस वर्ष पनि चिसो तथा मौसम बदलिका कारणले गत सालका रोगका अवशेषहरु माटो तथा विउमानै रहने भएकाले उक्त रोग रोकथामका लागि निम्न उपायहरु अपनाउन अनुरोध गरिन्छ।

१.सकेसम्म गत साल आलु लगाएको जमिनमा आलु खेति नगर्ने। गर्नै परेमा १५ दिन अगावै राम्रोसगं खनजोत गरेर पाकेको गोठे मलको प्रयोग गर्ने।

२.रोग कम लाग्ने वा रोग अबरोधक जातहरु लगाउने, खेतबारी सरसफाई गर्ने,नाभो हटाउने र स्वस्थ बीउ प्रयोग गरी आलु खेती गर्ने।

३.रोग ग्रस्त क्षेत्रमा आलु रोप्नु पुर्व म्यानकोजेव ७५% डब्लु पि - जस्तै डाइथेन एम ४५ बेबिस्टीन को २-३ ग्राम प्रति लिटर पानिको दरले आलुको विउ उपचार गरेरमात्र रोप्ने।

४.आलु बाली लगाए पछि खेतबारीको नियमित निरिक्षण गर्ने र ठुलो भएपछि यदि रोग देखा परेमा रोग लागेका पात हटाई डाइमिथोमर्फ ५०% डब्लु पी, मेटाल्यासिन ८%, म्यानकोजेब ६४डब्लु पी १.५ ग्राम प्रति लिटर पानिमा राखि स्प्रे गर्ने।

५. विषादी छर्कदा पातको तल्ला पट्टिको भाग राम्ररी भिज्ने गरी छर्ने र हातमा पन्जा, आँखामा चस्मा,मास्क तथा जिउ छोप्ने कपडा लगाई सुरक्षाको उपाए अपनाई विषादी छर्नु पर्ने।

रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत

**नोट : आलु वालीमा रोग देखा पर्नसाथ सम्बन्धित वडा कार्यालयमा कृषि प्राविधिक सँग सल्लाह तथा सर्म्पक राख्नु होला।**